# चन्दनपुर सामुदायिक वन उपभोक्ता समूह

ठाकुरबाबा नगरपालिका वडा नं. ५, बर्दिया

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०३/०३ गते बुधबार**

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ५५२६ मिति २०८३/०३/०२ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको गोलिया काठ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समयभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको २:०० बजेभित्र दाखिला गर्न आह्वान गरिन्छ।

तपसिलः

<table>
<tr><th>लट नं.</th><th>घाटगद्धी स्थान</th><th>पाईल नं.</th><th>क्र. सं.</th><th>जात</th><th>ग्रेड</th><th>गोलिया थान</th><th>परिमाण (घ.फि.)</th><th>दर रु.</th><th>न्यूनतम मूल्य रु.</th><th>संकलन खर्च रु.</th><th>कैफियत</th></tr>
<tr><td rowspan="20">BA/14/03-a01-01-2083/03/03-p</td><td rowspan="20">समूहको घाटगद्धीमा</td><td rowspan="20">१ देखि १६ सम्म</td><td>१</td><td>साल</td><td>ए</td><td>४</td><td>५३.७०</td><td>१२५०</td><td>६७१२५.०</td><td rowspan="20">२७३७७०.०</td><td rowspan="20"></td></tr>
<tr><td>२</td><td>साल</td><td>बि</td><td>२७</td><td>३२०.८०</td><td>९००</td><td>२८८७२०.०</td></tr>
<tr><td>३</td><td>साल</td><td>सि</td><td>७२</td><td>४४७.०१</td><td>६००</td><td>२६८२०६.०</td></tr>
<tr><td>४</td><td>साल</td><td>डि</td><td>४</td><td>५.१८</td><td>३००</td><td>१५५४.०</td></tr>
<tr><td>५</td><td>वृ. सिसौ</td><td>ए</td><td>२</td><td>२०.६६</td><td>७००</td><td>१४४६२.०</td></tr>
<tr><td>६</td><td>वृ. सिसौ</td><td>बि</td><td>१२</td><td>३९.८८</td><td>५००</td><td>१९९४०.०</td></tr>
<tr><td>७</td><td>जामुन</td><td>ए</td><td>५</td><td>१०३.७२</td><td>४००</td><td>४१४८८.०</td></tr>
<tr><td>८</td><td>जामुन</td><td>बि</td><td>८</td><td>७९.३९</td><td>३००</td><td>२३८१७.०</td></tr>
<tr><td>९</td><td>जामुन</td><td>सि</td><td>७</td><td>३०.६८</td><td>१००</td><td>३०६८.०</td></tr>
<tr><td>१०</td><td>खयर</td><td>N</td><td>३६६</td><td>४०४.६५</td><td>१०००</td><td>४०४६५०.०</td></tr>
<tr><td>११</td><td>अस्ना</td><td>ए</td><td>१०</td><td>१८३.५८</td><td>४००</td><td>७३४३२.०</td></tr>
<tr><td>१२</td><td>अस्ना</td><td>बि</td><td>७</td><td>८०.७९</td><td>३००</td><td>२४२३७.०</td></tr>
<tr><td>१३</td><td>अस्ना</td><td>सि</td><td>७</td><td>३६.४६</td><td>१००</td><td>३६४६.०</td></tr>
<tr><td>१४</td><td>बाँझी</td><td>N</td><td>९</td><td>५०.०१</td><td>१००</td><td>५००१.०</td></tr>
<tr><td>१५</td><td>कुसुम</td><td>N</td><td>१</td><td>४.७९</td><td>१००</td><td>४७९.०</td></tr>
<tr><td>१६</td><td>कर्मा</td><td>सि</td><td>९</td><td>२०.९०</td><td>१००</td><td>२०९०.०</td></tr>
<tr><td>१७</td><td>शिरिष</td><td>बि</td><td>१८</td><td>१०१.६२</td><td>२००</td><td>२०३२४.०</td></tr>
<tr><td>१८</td><td>अन्य</td><td>N</td><td>६८</td><td>२४८.८३</td><td>१००</td><td>२४८८३.०</td></tr>
<tr><td>१९</td><td>बेल</td><td>N</td><td>३</td><td>१७.९४</td><td>१००</td><td>१७९४.०</td></tr>
<tr><td>२०</td><td>दबदबे</td><td>N</td><td>६</td><td>२०.४८</td><td>१००</td><td>२०४८.०</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>६४५</td><td>२२७१.०४</td><td></td><td>१२९०९६४.०</td><td>२७३७७०.०</td><td></td></tr>
<tr><td rowspan="3">BA/14/03-a01-02-2083/03/03-p</td><td rowspan="3">समूहको घाटगद्धीमा</td><td colspan="6">साल जातको दाउरा (२०'x५'x५'को) ३.०० चट्टा</td><td>१२०००</td><td>३६०००.०</td><td rowspan="3">१००८००.०</td><td rowspan="3"></td></tr>
<tr><td colspan="6">साल अन्य मिश्रित जातको दाउरा (२०'x५'x५'को) ५.०० चट्टा</td><td>८०००</td><td>४००००.०</td></tr>
<tr><td colspan="6">अन्य जातको दाउरा (२०'x५'x५'को) ४.०० चट्टा</td><td>४०००</td><td>१६०००.०</td></tr>
<tr><td colspan="8">कुल जम्मा</td><td></td><td>१३८२९६४.०</td><td>३७४५७०.०</td><td></td></tr>
</table>

शर्त तथा नियमहरु:

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०३/२३ गते मंगलबार ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०३/२४ गते बुधबार ख) समयः मध्यान्ह १२:०० सम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०३/२५ गते बिहीबार ख) समयः मध्यान्ह १:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट **मध्यान्ह राष्ट्रिय दैनिक** पत्रिकामा मिति २०८३/०३/०३ गते बुधबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र खरिद गरी २२ औं दिनको अपरान्ह २ बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, भुरीगाउँ, बर्दियामा रहेको खाता नं. ४४७०१००००२२६००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्धी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेखु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगद्धी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

# 'ओटिटी प्लेटफर्म' अब कानुनी दायरामा दर्ता र अनुमति अनिवार्य

**काठमाडौं/मस–** सरकारले 'ओभर-द-टप' (ओटिटी प्लेटफर्म)लाई औपचारिक रूपमा दर्ता तथा नियमनको दायरामा ल्याएको छ। सूचना तथा सञ्चार मन्त्रालयले राष्ट्रिय प्रसारण नियमावली, २०५२ मा संशोधन गर्दै 'डिजिटल' प्रसारण प्रणाली अन्तर्गत सञ्चालन भइरहेका ओटिटी सेवा प्रदायकहरूलाई कानुनी रूपमा नियमन गर्ने व्यवस्था गरेको हो ।




सोमबार राजपत्रमा प्रकाशित संशोधित नियमावलीअनुसार अब नेपालभित्र सेवा दिने वा सामग्री प्रसारण गर्ने विदेशी तथा स्वदेशी 'ओटिटी प्लेटफर्म'हरूले अनुमति लिनुपर्नेछ । यससँगै वर्षौंदेखि अनौपचारिक रूपमा सञ्चालन भइरहेका 'डिजिटल स्ट्रिमिङ' सेवा तथा ओटिटी प्लेटफर्महरू पहिलोपटक स्पष्ट कानुनी संरचनाभित्र आउने भएका छन्। डिजिटल माध्यम विस्तारसँगै परम्परागत प्रसारण प्रणालीभन्दा बाहिर रहेका प्लेटफर्महरूलाई पनि समान नियमनको दायरामा ल्याउनु आवश्यक रहेको भन्दै सूचना तथा सञ्चारमन्त्री डा.विक्रम तिमिल्सिनाले ' ओटिटी प्लेटफर्म'लाई नियमनको दायरामा ल्याउन नीतिगत पहल थालेका थिए ।

मन्त्रालयले आन्तरिक गृहकार्यपछि नियमावलीमा संशोधन गरेको हो। सञ्चार मन्त्रालयले राष्ट्रिय प्रसारण नियमावली २०५२ को विभिन्न अनुसूचीहरूमा संशोधन गर्दै ओटिटी तथा डिजिटल प्रसारण प्रणालीलाई स्पष्ट रूपमा समेटेको छ ।

संशोधित व्यवस्था अनुसार अनुसूची-३ (क) मा 'डाउनलिंक गरिने ओटिटी विदेशी कार्यक्रम तथा ओटिटी प्लेटफर्म' सम्बन्धी विवरण अनिवार्य गरिएको छ। यसअन्तर्गत अब विदेशी ओटिटी सेवा प्रदायक वा डिजिटल कार्यक्रम वितरण गर्ने संस्थाले नेपालभित्र प्रसारण गर्न अनुमति लिनुपर्नेछ। यसअघि यस्ता ओटिटी प्लेटफर्महरू कुनै पनि सरकारी निकायमा दर्ता नभई स्वतन्त्र रूपमा सञ्चालन हुँदै आएका थिए । कानुनी अस्पष्टताका कारण नियमन, कर संकलन तथा सामग्री अनुगमन जटिल बन्दै आएको थियो । नयाँ संशोधनले अब ओटिटी प्लेटफर्महरूलाई अन्य प्रसारण माध्यमजस्तै नियमन र कानुनी दायरामा ल्याउने आधार तयार गरेको मन्त्रालयले जनाएको छ । संशोधित नियमावलीले ओटिटी तथा डिजिटल प्रसारण सेवाका लागि इजाजतपत्र तथा शुल्क संरचना पनि निर्धारण गरेको छ। नयाँ व्यवस्थाअनुसार कुनै पनि विदेशी कार्यक्रम उत्पादकले आफ्नो मुलुकमा उत्पादन गरेको ओटिटी डिजिटल कार्यक्रम नेपालमाल डाउनलिंक गरी प्रसारण गर्न प्रतिप्लेटफर्म १० लाख शुल्क तोकिएको छ । त्यस्तै, डाउनलिंक अनुमति प्राप्त विदेशी ओटिटी डिजिटल कार्यक्रमको सिग्नल वितरणका लागि प्रतिओटिटी प्लेटफर्म २५ लाख तिर्नुपर्नेछ।

ओटिटी प्रसारण सेवा सञ्चालनका लागि एक करोड शुल्क तोकिएको नियमावलीमा उल्लेख छ । विदेशी कार्यक्रमको प्रसारण अधिकार (फ्रेन्चाइज) वा विदेशी कार्यक्रमको प्रत्यक्ष प्रसारणको स्वीकृतिका लागि पाँच लाख शुल्क तोकिएको छ भने अनलाइन रेडियो सञ्चालनका लागि ५० हजार इजाजतपत्र शुल्क तोकिएको छ ।

डिजिटल प्रविधिको तीव्र विस्तारसँगै नेपालमा पनि ओटिटी प्लेटफर्महरूको प्रयोग उल्लेखनीय रूपमा बढ्दै गएको छ । तर यस्ता सेवा प्रदायकहरू लामो समयसम्म स्पष्ट कानुनी संरचनाबिना सञ्चालन हुँदै आएका थिए ।

जसकारण यस्ता सामग्रीको नियमन, राजस्व, उपभोक्ता अधिकार संरक्षण र स्थानीय प्रसारण उद्योगसँग अस्वस्थ प्रतिस्पर्धालगायत चुनौती देखिँदै आएका थिए । सञ्चार मन्त्रालयका अनुसार डिजिटल प्रसारण सेवा अब परम्परागत मिडियाजस्तै महत्वपूर्ण बन्दै गएकाले यसलाई राज्यको कानुनी संरचनाभित्र ल्याउनु आवश्यक थियो ।

नयाँ व्यवस्था लागू भएपछि नेपालमा सञ्चालन भइरहेका विदेशी तथा स्वदेशी ओटिटी प्लेटफर्महरूले अब दर्ता प्रक्रिया पूरा गर्नुपर्नेछ । यसले डिजिटल सामग्री वितरण प्रणालीमा थप पारदर्शिता ल्याउने अपेक्षा गरिएको छ। त्यस्तै, प्रयोगकर्ताले हेर्ने सामग्रीको गुणस्तर, स्थानीय कानुनअनुसार सामग्री नियमन, तथा कर प्रणालीमा पनि सुधार आउने अनुमान गरिएको छ ।

ओटिटी प्लेटफर्म भनेको इन्टरनेटमार्फत प्रयोगकर्ताहरूलाई प्रत्यक्ष रूपमा अडियो, भिडियो तथा अन्य डिजिटल सामग्री उपलब्ध गराउने सेवा हो । यो प्रणालीले परम्परागत केवल, स्याटेलाइट तथा प्रसारण टेलिभिजन प्रणालीलाई बाइपास गर्छ । नेटफ्लिक्स, युट्युब, अमेजन प्राइम भिडियोलगायत प्लेटफर्महरू ओटिटी सेवाका प्रमुख उदाहरण हुन् । जसले स्मार्टफोन, स्मार्ट टिभी, ट्याब्लेट तथा कम्प्युटरजस्ता उपकरणमार्फत प्रयोगकर्तालाई 'अन-डिमान्ड' सामग्री उपलब्ध गराउँछन् ।

### पासपोर्ट छपाइ अनियमितता प्रकरण

# महानिर्देशक अर्याल र निर्देशक केसी पक्राउ



**काठमाडौं/मस–** पासपोर्ट छपाइ अनियमितता आरोपमा राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल र निर्देशक (सूचना प्रविधि)सुनीलकुमार केसी पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरुलाई मंगलबार विशेष अदालतमा उपस्थित गराएको छ । विशेष अदालतले उनीहरूलाई चार दिन थुनामा राख्न म्याद दिएको छ। अख्तियारले २० दिन म्याद माग गरेकामा सोमबारदेखि लागू हुने गरी चार दिन म्याद दिएको हो ।

६४ लाख पासपोर्ट छपाइको ठेक्का मिलेमतोका आधारमा जर्मन कम्पनीलाई दिएको उजुरीका आधारमा उनीहरुलाई पक्राउ गरिएको आयोगले जनाएको छ ।

नयाँ कम्पनीले समयमा पासपोर्ट छाप्नसमेत सकेको छैन। यसमा ठेकदारहरूमाथि पनि आयोगले छानबिन थालेको छ ।

केपी शर्मा ओली नेतृत्वको सरकारले गत साउनमा दुई कम्पनीलाई पासपोर्ट छपाइको ठेक्का दिएको छ। यसअघि नै अख्तियारले राहदानी विभागबाट यससम्बन्धी कागजात नियन्त्रणमा लिइसकेको थियो । कागजात अध्ययनलगत्तै दुवैसँग बयान लिन थालिएको अख्तियारले जनाएको छ। विशेषको यो आदेशसँगै आयोगले अब चार दिनभित्र आवश्यक प्रमाण संकलन, बयान तथा अन्य अनुसन्धानात्मक कार्य अघि बढाउनेछ।

# छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत

**काठमाडौं/मस–** चिकित्सा शिक्षा आयोगले छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरी जारी गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा मंगलबार बसेको आयोगको बैठकले उक्त निर्णय गरेको हो ।

प्रधानमन्त्री शाहको प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार शिक्षा तथा खेलकुद र अर्थ मन्त्रालयबाट सहमतिप्राप्त भएको २४ घण्टा नबित्दै आयोगले कार्यविधि पास गरेर विगतदेखिको कानुनी अस्पष्टता र समस्यालाई दीर्घकालीन रूपमा समाधान गरेको हो ।

नेपाल राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ मार्फत राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा दफा ५४ (ख) थपिएसँगै आयोगलाई आवश्यक निर्देशिका र कार्यविधि बनाउने कानुनी बाटो खुलेको थियो ।

यसअघि विधायन ऐन, २०८१ को दफा ३५ का कारण आयोगका पुराना सबै निर्देशिका र कार्यविधि स्वतः अमान्य (खारेज) हुँदा कानुनी रिक्तता भएको थियो ।

उक्त समस्या समाधानका लागि असार १ गते अर्थ मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयबाट सकारात्मक रायसहितको सहमति प्राप्त भएको थियो । कार्यविधिले सार्वजनिक शिक्षण संस्थालाई निःशुल्क छात्रवृत्ति, स्नातकोत्तर तह (डिएम, एमसिएचसमेत) मा निःशुल्क छात्रवृत्ति उपलब्ध गराएबापत अनुदान वितरण गराउने बाटो खुलेको छ ।

यस कार्यविधिले आयोगको तर्फबाट चिकित्साशास्त्र अध्ययन गराउने शिक्षण संस्थालाई सबै तहमा (स्नातकोत्तर तह डिएम, एमसिएचसमेत)मा निःशुल्क छात्रवृत्ति उपलब्ध गराएबापत अनुदान वितरण गर्ने बाटो खुलेको छ । बैठकमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको सहअध्यक्षता तथा आयोगका उपाध्यक्ष प्रा डा श्रीकृष्ण गिरी र अन्य सदस्यहरूको उपस्थिति रहेको थियो ।

### अर्घाखाँची पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा

# खोप कार्यक्रम सफल अभियान भएको मन्त्री घिमिरेको दाबी



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ असार

लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री रामजीप्रसाद घिमिरेले खोप कार्यक्रम नेपालकै सबैभन्दा सफल र प्रभावकारी स्वास्थ्य अभियान भएको बताएका छन् ।

अर्घाखाँची जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा कार्यक्रममा बोल्दै मन्त्री घिमिरेले खोपले हजारौं बालबालिकाको जीवन रक्षा गरेको उल्लेख गर्दै स्वस्थ बालबालिका नै समृद्ध नेपालको आधार भएको बताए ।

उनले खोप अभियानलाई अझ प्रभावकारी र दिगो बनाउन लुम्बिनी प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै खोप कार्यक्रमले बालबालिकालाई विभिन्न संक्रामक रोगबाट सुरक्षित राख्नुका साथै मातृ तथा शिशु स्वास्थ्य सुधार, बाल मृत्युदर न्यूनीकरण र स्वस्थ समाज निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएको बताए ।

कार्यक्रममा मन्त्री घिमिरेले जिल्ला खोप समन्वय समितिका संयोजक जीवनारायण कोइराला र सदस्य सचिव कृष्णप्रसाद पोखेललाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको प्रमाणपत्र हस्तान्तरण गर्दै अर्घाखाँचीलाई औपचारिक रूपमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरेका थिए ।

जिल्लाका सबै बालबालिकाले राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत आवश्यक सबै खोप प्राप्त गरेको सुनिश्चित भएपछि अर्घाखाँचीले पुनः पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको मान्यता कायम राख्न सफल भएको जिल्ला स्वास्थ्य कार्यालय अर्घाखाँचीका प्रमुख कृष्णप्रसाद पोखेलले जानकारी दिए । अर्घाखाँची यसअघि २०७१ सालमै पूर्ण खोपयुक्त जिल्ला घोषणा भइसकेको थियो ।

सन्धिखर्क नगरपालिकाका नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठले यो उपलब्धि जिल्लावासीका लागि गौरवको विषय भएको बताए । उनले स्वास्थ्य क्षेत्रमा प्राप्त सफलता सरकार, स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका तथा नागरिकको साझा प्रयासको परिणाम भएको उल्लेख गरे ।

नगर प्रमुख श्रेष्ठले आगामी दिनमा स्वास्थ्य सेवाको गुणस्तर सुधार, जनचेतना विस्तार तथा बालबालिकाको नियमित स्वास्थ्य परीक्षणमा विशेष ध्यान दिइने बताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले स्वास्थ्य सूचक सुधारमा सरकारी निकाय, स्थानीय तह, स्वास्थ्यकर्मी र समुदायबीचको समन्वय प्रभावकारी रहेको बताए । लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक रोशनलाल चौधरीले खोप कार्यक्रमले बाल मृत्युदर घटाउन र विभिन्न रोग नियन्त्रणमा महत्वपूर्ण भूमिका खेलेको बताए । कार्यक्रममा नेकपा जिल्ला अध्यक्ष रामबहादुर चौहान, सन्धिखर्क नगर स्वास्थ्य शाखा प्रमुख पूर्ण पराजुली, महिला स्वास्थ्य स्वयंसेविका उमा बन्जाडे लगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रम जिल्ला खोप समन्वय समितिका संयोजक जीवनारायण कोइरालाको अध्यक्षता, जनस्वास्थ्य निरीक्षक गणेशराज पौडेलको सञ्चालन तथा जिल्ला स्वास्थ्य कार्यालय प्रमुख कृष्णप्रसाद पोखेलको स्वागत मन्तव्यमा सम्पन्न भएको हो ।

# ६० हजार घुससहित चाबहिल नापीका अमिन खत्री पक्राउ

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नापी कार्यालय चाबहिल अन्तर्गतको २ नं नापी टोलीमा कार्यरत अमिन टोप जङ खत्रीलाई ६० हजार रुपैयाँ घुससहित नियन्त्रणमा लिएको छ ।

खत्रीले जग्गा हालसाविक गरी जग्गाधनी पुर्जा बनाइदिने कार्यमा सहजीकरण गरिदिने भन्दै सेवाग्राहीसँग घुस/रिसवत माग गरेको उजुरी आयोगमा परेको थियो । सोही सूचनाका आधारमा टंगालबाट खटिएको आयोगको टोलीले उनलाई घुस लिइसकेको अवस्थामा रंगेहात पक्राउ गरेको हो । आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार खत्रीलाई काठमाडौंको




गोकर्णेश्वर नगरपालिका वडा नं. ४ माकालवारीस्थित कार्यालय परिसरबाटै मंगलबार नियन्त्रणमा लिइएको हो । खत्रीमाथि थप अनुसन्धान भइरहेको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो,"

## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति: १९९६/०१/१२

स्वर्गारोहण मिति: २०८३/०२/३०

**स्व. गुथी पराजुली**

हाम्रा ओम इन्टरनेशनल ह्युमन रिसोर्स प्रा. लि. का म्यानेजर श्री शिवलाल पराजुलीकी ममतामयी माता **गुथी पराजुली**को असामयिक निधन भएको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**ओम इन्टरनेशनल ह्युमन रिसोर्स प्रा. लि. परिवार**
बसुन्धारा, काठमाडौं

**VACANCY ANNOUNCEMENT**

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

- Flight Coordinator - 2 (Male/Female)
- Public Relation Officer - 2 (Male/Female)
- Receptionist - 2 (Female)

- Experience : 2 Years in Manpower Sector.
- Must have good Nepali and English typing skills.

Salary Negotiable

**TESLA OVERSEAS PVT.LTD.**
Sinamangal-09, Sinamangal Tower, Kathmandu, Nepal.
Contact No : +977-1-5920965, 5920966, 9705998877, 9704540753, 9802353778, Email : info@teslaoverseas.com.np, md@teslaoverseas.com.np
Web : www.teslaoverseas.com.np

**लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०३/०२

यस सा.व.उ.स.बाट संकलित खयर काठ ५५१.४१ क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**रानीवन सा. वन उपभोक्ता समूह, आँबुखैरेनी ६, तनहूँ।**

**भूल सुधार**

मिति २०८३/०३/०२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित ZERO COST RECRUITMENT Opportunity for Malaysia शीर्षक कम्पनीको नाम : ABLE PERFECT SDN BHD, L.T. No.: 343515, चलानी नं. ६०२५६८३९ र पूर्व स्वीकृत मिति : २०८३/०३/०१ भएको विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असार १३ गते (27 June 2026) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**OMEGA POWER MINDS PVT.LTD.**
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316.
Chudamani Katuwal Contact No : 9841546564
Email:cv.omegapowerminds@gmail.com
Govt. Lic. No. 1178/073/074

**मोटरसाईकल हराएको सूचना**

मिति २०८३/०१/०५ गते अन्दाजी राति १०:३० बजेको समयमा भ.पु.न.पा.वडा नं १ सल्लाघारीमा पार्किङ गरि राखेको बा.प्र-०२-०६३ प ९४८२ नम्बरको रातो कालो रङको 150 CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला।

सवारी धनी: कस्मिक बचत तथा ऋण सहकारी संस्था लि
ऋणी : अरबिन बसेल
च्यासिस नं.: MD2A11CX15PG82233
इन्जीन नं.: DHXPSG34440
सम्पर्क: ९८६११२२२२१

**काठ/दाउरा लिलाम बिक्रीको बोलपत्र पेश बारेको सूचना**

पहिलो पटक सूचना प्रकाशन मिति: २०८३/०३/०३ गते बुधबार

डिभिजन वन कार्यालय, बर्दियाको कटान सहमति अनुसार साल लगायत जातको गोलिया थान ६४५ को २२७१.०४ घ.फि. काठ र साल लगायत जातको दाउरा १२.०० चट्टा दाउरा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**चन्दनपुर सा.व.उ.स., ठाकुरबाबा- ५, बर्दिया**

**काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८३/०३/०३

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई भूमिकास्थान न.पा.-५, मा घाटगद्दी गरि राखिएको खयर जातको ४७४ थानको ४५७.८२ क्यू. फि. काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा २२ दिनको दिन दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा डिभिजन वन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरूमा समेत टाँस गरिने छ ।

**श्रि वडेरे पोखेडाँडा सामुदायिक वन उपभोक्ता समूह, भूमिकास्थान न.पा. ५, असुरकोट, अर्घाखाँची**

**मलेसियामा रोजगार**
कम्पनी: TONGDA SMART TECH SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०३/०२ — चलानी नं.: ६०२५६९१६ — LT. No.: 343555

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1700 | ६३,४७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असार १० गते (24 June 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ALLIANCE HUMAN RESOURCES PVT. LTD.**
Govt. Licence: 690/063/064
Sinamangal-9, Kathmandu, Nepal | Contact : 01-4578850, 4591791, 4462344, 9801956122, 9862606812
Email:- info@alliancenepal.com, ahr@alliancenepal.com | Web: www.alliancenepal.com

**साउदीमा रोजगार**
कम्पनी : TADBEER HUMAN RESOURCESCOMPANY — शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०८३/०३/०२ — चलानी नं.: ६०२५६९१७ — L.T. No.:343662

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Oridinary Labourer (Shelf Stacker) | 20 | 0 | स. काममा दक्ष | 1400 | ५६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ असार १० गते (24 June 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**C.D. HUMAN RESOURCES PVT. LTD.**
Gov. Lic. No. 1048/073/74
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np, Contact no: +977 980-8793080 (Homa Devi Khadka)

**मलेसियामा रोजगार**
कम्पनी: WLM MANAGEMENT SDN. BHD. — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०१/२४ — चलानी नं.: ६०२५३४२० — L.T. No.: 339987 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 8 | 0 | स. काममा दक्ष | 1700 | ६३,४७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असार १० गते (24 June 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LAXMI RECRUITMENT SERVICE PVT. LTD.**
Gov License no 1782/082/083
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१–४५००४३३, Bhavu Parajuli Contact no : 9766911871